**निर्णय नं.१ :**

जिल्ला समन्वय समिति प्रमुखको अध्यक्षतामा प्रतिनिधीसभा तथा प्रदेश सभाका मा.सांसदहरु, जिल्ला न्यायाधीश, प्रमुख जिल्ला अधिकारी, पूर्व सांसद/सभासद,सुरक्षा निकायका प्रमुखहरु, राजनीतिक दलका प्रमुखहरु, जि.स.स.उपप्रमुख तथा सदस्यहरु, नारायण नगरपालिका प्रमुख/उपप्रमुख, पूर्व जनप्रतिनिधिहरु, सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुखहरु, पत्रकार महासंघ, गै.स.स. महासंघ, उद्योग वाणिज्य संघ, नेपाल वार एशोशिएसनका प्रमुखहरु लगायत नारायण न.पा. भित्रका सम्पूर्ण शैक्षिक संस्थाहरुका प्रमुखहरु, नागरिक समाज, पत्रकारहरु रहेको १०१ सदस्यीय ७५ औं राष्ट्रिय प्रजातन्त्र दिवस २०८१ जिल्ला मूल समारोह समिति दैलेख गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२ :**

निम्न कार्यक्रमहरुका साथ ७५ औं राष्ट्रिय प्रजातन्त्र दिवस २०८१ मनाउने निर्णय गरियो । साथै सवै कार्यक्रमहरुमा सक्रियताका साथ सहभागी हुन जिल्ला मूल समारोह समितिका सदस्यहरु, राष्ट्रसेवक, नागरिक समाज तथा सम्पूर्ण दैलेख वासी महानुभावहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

| सि. नं. | मिति | समय | कार्यक्रमहरु | संयोजन | जिम्मेवारी/सहयोग |
|---|---|---|---|---|---|
| १ | २०८१/११/०६ | विहान ८:०० वजे देखी | नगर सरसफाइ | | नारायण न.पा. |
| २ | २०८१/११/०६, ७ र ८ गते | साँझ ६:०० वजे | आ-आफ्नो कार्यालय, संघ संस्था उद्योगी व्यापारी र घरघरमा दिपावली गर्ने | मुल समारोह समिति | उद्योग वाणिज्य संघ, दैलेख |
| ३ | २०८१/११/०७ | विहान ८:०० वजे | गणेश मन्दिरवाट प्रभातफेरी शुरु गरी जिल्ला समन्वय समितिको हलमा मन्चको कार्यक्रम संचालन गर्ने । | मुल समारोह समिति | मूल समारोह समिति |
| ४ | २०८१/११/०७ | दिनको ११: ३० वजे | नारायण न.पा. ३ भूर्तीमा रहेका पञ्चदेवलहरुको सरसफाई तथा व्यवस्थापन | मूल समारोह समिति | जिल्ला सुरक्षा समिति |
| ५ | २०८१/११/०७ | साँझ ६ वजे | देवकोटा चोकमा सामुहिक दिपावली गर्ने | मुल समारोह समिति | जिल्ला समन्व समिति |
| ६ | २०८१/११/०८ | विहान ८:०० वजे | जिल्ला अस्पतालमा रहेका विरामीहरुलाई फलफुल वितरण कार्यक्रम | मुल समारोह समिति | नारायण नगरपालिका |

**जिम्मेवारी वांडफांड**

१) व्यानर,हल व्यवस्थापन, कार्यक्रम संचालन, जिल्ला समन्वय समिति,
२) राष्ट्रिय झण्डा र प्लेकार्ड तयारी- सोसेक तथा एभरेष्ट क्लव
३) सरसफाई सामाग्री व्यवस्थापन, तथा फलफुल व्यवस्थापन- नारायण नगरपालिका, दैलेख ।

**निर्णय नं. ३ :**

सवै स्थानीय तहलाई राष्ट्रिय प्रजातन्त्र दिवस भव्य रुपमा मनाउनको लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

नारायण न.पा. का सम्पूर्ण वडाअध्यक्ष, कार्यपालिका सदस्य तथा नगरसभा सदस्यहरुलाई मिति २०८१ साल फाल्गुण ७ गते विहान ८:०० वजे हुने प्रभातफेरीमा उपस्थित गराउन नारायण नगरपालिका दैलेखलाई अनुरोध गर्ने निर्णय गरियो ।

CamScanner